## प्रादेशिक अन्तर सम्बन्धका आयामहरू प्रष्ट पार्नुहोस् ।

*एक प्रदेश र अर्को प्रदेशबिचको अन्तरनिर्भरतालाई प्रादेशिक अन्तरसम्बन्ध भनिन्छ। नेपाललाई पहिचान र सामध्यंको आधारमा सातओटा प्रदशेमा विभाजन गरिएको छ र ती सबै प्रदेशहरू एकआपसमा विभिन्न पक्षहरूमा अन्तर निर्भर छन्। नेपालका प्रदेशहरू पाकृतिक स्रोत, वातावरण, सामाजिक, सांस्कृतिक तथा आर्थिक, यातायात तथा सज्बारका आधारमा अन्तरसम्बन्धित छन् ।*

***भौगोलिक अन्तरसम्बन्धः** *अन्तरप्रादेशिक सम्बन्धको एक आयाम भौगोलिक अन्तरसम्वन्ध हो। मौगोलिक अवस्थिति तथा स्वरूपहरूले गर्दा हरेक प्रदेशहरूबिच परस्पर सम्बन्ध रहेको छ। नेपालको बागमती प्रदेशवाट उत्पत्ति भएका बागमती र कमला नदीको पानीले मधेस प्रदेशका धेरै भूभागहरू सिन्वित छन्। बेसीको सम्बन्ध लेकसँग र चुरेको सम्बन्ध तराईसँग रहेको हुन्छ। हिमाली प्रदेशबाट उत्पति भएको विभिन्न नदीहरू अन्य प्रदेशमा सिंचाइ, खानेपानी तथा जलविद्युत् उत्पादनको लागि प्रयोग गरिन्छन्।*

***सामाजिक सांस्कृतिक अन्तरसम्बन्धः** *अन्तरप्रादेशिक सम्बन्धको अर्को आयाम सामाजिक सास्कृतिक अन्तरसम्बन्ध पनि हो। कुनै एक प्रदेशका नागरिक अर्को प्रदेशमा विना रोकटोक आवतजावत गर्न सक्ने र उसलाई स्थायी वा अस्थायी बसोबासमा कुनै रोकावट गर्न पाइने छैन । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा एक प्रदेशले अर्को प्रदेशलाई सहयोग गर्न सक्छ। नेपालमा बागमती प्रदेशमा रहेको हिन्दुहरूको पवित्र स्थल पशुपतिनाथले अन्य प्रदेशका हिन्दुहरूलाई धार्मिक तथा सांस्कृक्तिक हिसाबले जोडेको छ। लुम्बिनी प्रदेशमा रहेको बुद्धको जन्मस्थलले अन्य प्रदेशमा रहेका बौद्ध समुदायहरूलाई आकर्षित गरिरहेको छ।*

***आर्थिक अन्तरसम्बन्धः** *नेपालका सबै प्रदेशहरू एक आपसमा आर्थिक रूपले अन्तरनिर्भर छन् । नेपालको संविधानको धारा ३६ ले अन्तरप्रदेश व्यापारको सम्बन्धमा कानुनी व्यवस्था गरेको छ। नेपालका ९० प्रतिशतभन्दा बढी उद्योगहरू तराई प्रदेशमा अवस्थित छन्। यी उद्योगले उत्पादन गरेका वस्तुहरूको उपयोग अन्य प्रदेशमा भइरहेका छन्। नेपालको मधेस प्रदेशमा उत्पादन भएका खाद्यान्न, दलहन तथा तेलहन अन्य प्रदेशहरूमा बिक्री वितरण गरिन्छ। कर्णाली प्रदेशको जुम्लामा उत्पादन भएको स्याउ अन्य प्रदेशहरूमा विक्री वितरण हुन्छ ।*

***बातावरण संरक्षण र संवर्धनः** *प्रदेशहरूले विकासका गतिविधि सञ्चालन गर्दा वातावरणीय पक्षमा संवेदनशील हुनुपर्दछ नत्र भने बातावरण विनाश तथा हास हुने सम्भावना हुन्छ । हरियाली जोगाउन कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्राङ्गारिक कृषि उत्पादन, पर्यटन, जडीबुटी र जलविद्युत्लाई अगाडि सार्न सकिन्छ। गण्डकी प्रदेशमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न अतिथि सत्कार गृह सञ्चालन गर्न सकिन्छ।*

----------------------------------------------------------------------------------

## तपाई पूर्वीय वा पाश्चात्य चिन्तन परम्परालाई जीवनोपयोगी व्यवहार कसरी लागु गर्नु भएको छ। उदाहरण दिनुहोस् ।

*>बेदमा आधारित अनेकौं सम्प्रदायहरूको समिश्रणबाट आजकी स्वरुपमा आइपुगेको हिन्दु धर्म एवम् दर्शन बीड धर्म एवम् दर्शन, जैन धर्म एवम् दर्शन, किरात धर्म एवम् दर्शन, शिख दर्शन, कन्नुसियस दर्शन, तात्री एवम् दर्शन आदिको प्रभावले पूर्वीय चिन्तन बनेको छ भने ग्रीसका दार्शनिकहरू मोजेंटस, प्लेटो एरिस्टोटलका विचार, क्रिश्चियन मतको प्रभावले पाश्चात्य चिन्तनको जग खडा भएको छ।*

*पर्वीय र पाश्चात्य चिन्तन परम्परामध्ये पूर्वीय चिन्तन परम्परालाई जीवनोपयोगी व्यवहारमा मैले निम्नलिखित कुराहरूमा लागू गरेको छु:*

*पूर्वीय चिन्तन परम्परामा आस्तिक दर्शन पनि पाइन्छ। जीवनमा आइपर्ने विभिन्न समस्याहरू आस्तिर दर्शनअनुसार समाधान गर्ने प्रयोग गर्छु। बौद्ध दर्शनको चार आर्य सत्य, आठ असल मार्गहरू र पञ्चशीलको उपदेश पालना गरी मध्यमार्गी हुने प्रयास गर्छु। आहार, आचारविचार र दैनिक व्यवहार, नैतिक जीवनसम्बन्धी चर्चा पूर्वीय परम्परामा पाइन्छ जुन म पालना गर्छु। योग दर्शनअनुसार योग तथा ध्यानको अभ्यास गरेर मैले शारीरिक तथा मानसिक स्वास्थ्य लाभ गरेको छ। वादविवाद, वक्तृत्व, छलफल, संवाद, सत्य र न्यायजा पक्षमा आवाज उठाउन, हत्या, हिसा, चोरी जस्ता कार्य नगनं, धूम्रपान, मद्यपान, लागु पदार्थ जस्ता कुलतमा नफस्ने जुन सामाजिक, शारीरिक, मानसिक स्वास्थ्यका लागि विचार र ज्ञान पूर्वीय चिन्तन परम्परामा पाइन्छ त्यसैलाई पालना गरेर मुखी र स्वस्थ जीवन जाधिरहेको छ ।*

*(नोटः प्रश्नअनुसार विद्यार्थीहरूले पूर्वीय वा पाश्चात्य चिन्तन परम्परामध्ये कुनै एकको मात्र व्याख्या गर्नुपर्नेछ ता*

*यहां पाश्चात्य चिन्तन परम्पराको बारेमा पनि चर्चा गरिएको छ ।)*

*पाश्चात्य चिन्तन तर्कशास्त्र, नीतिशास्त्र, राजनीतिशास्त्र, कला, दर्शनका विभिन्न शाखाहरू र प्रति विज्ञानका अनेकी शाखाहरूका साथै कलात्मक अभिव्यक्ति, आलोचनात्मक विश्लेषण र वैज्ञानिक खोजतर्फ उन्मुख रहेको देखिन्छ । पाश्चात्य परम्पराबाट मानवतावाद, मानव अधिकार, न्यून उपभोक्तवादी द्दष्टिकोण जस्ता कुराहरू पालना गर्ने गरेको छ। पाश्चात्य दर्शनले अवलम्बन गरेको आगमन तर्कशास्त्रलाई जीवनमा लागु गरेको छ। पाश्चात्य दर्शनले भौतिकता, वैज्ञानिक खोज जस्ता कुराहरूमा जोड दिन्छ ।*

## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाविचको भिन्नता छुट्याउनुहोस् ।

*>सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाविचको भिन्नता निम्नानुसार तालिकाबाट प्रष्ट पार्न सकिन्छ:*

| सामाजिक अध्ययन | जीवनोपयोगी शिक्षा |
|---|---|
| *सामाजिक अध्ययन मानव जीवनको विविध पक्षसँग सम्बन्धित हुन्छ ।* | *जीवनोपयोगी शिक्षा व्यक्तिको सार्यक जीवनयापनका पक्षसँग सम्बन्धित हुन्छ ।* |
| *यसले दर्शनलाई महत्त्व दिंदैन ।* | *यसले दर्शनलाई महत्त्व दिन्छ ।* |
| *यसले अनुसन्धान सिपको विकासमा जोड दिन्छ ।* | *यसले जीवनशैली र स्वास्थ्यलाई जोड दिन्छ ।* |
| *यसमा सामाजिक विज्ञान र मानविकीलगायतका विषयहरू समावेश हुन्छन् । यो बहुआयामिक विषय हो ।* | *यसमा अन्य सामाजिक विज्ञानका विषयहरू समेटिएका हुँदैनन् । जीवनका आवश्यक सिपहरू मात्र समावेश गरी अध्ययन अध्यापन गरिन्छ ।* |
| *यो मानव र समाजसँग सम्बन्धित विभिन्न पक्षहरूको अध्ययन हो ।* | *यो जीवनोपयोगी सिप सिकाउने प्रक्रिया हो।* |

## किशोर किशोरीहरूको पारिवारिक कर्तव्यहरू बुँदागत रुपमा लेख्नुहोस् ।

*>विम्बाम्यगठनका अनुसार मानव जीवनको १० देखि १९ वर्ष सम्मको उमेर समुहलाई किगागवस्था भनिन्छ। यो अवस्था मावन जीवनको एक महत्वपूर्ण अवस्था हो। यस अवस्थाका केटाकेटीहरू उच्च संवेगको अवस्थामा हुन्छन। यिनीहरूको निश्चित कर्तव्यहरू हुन्छन् जसको पालना भने भविष्यमा समुन्नत राष्ट्र निर्माण बन्न सहयोग पुग्छ ।*

*किशोरकिशोरीहरूका विभिन्न कर्तव् पारिवारिक कर्तव्यलाई महत्त्वपूर्ण कर्तव्य मानिन्छ जसलाई निम्नानुसारका वृंदाहरूमा उल्लेख गरिएकी छ*

**आफ्नो परिवार र परिवारका सदस्यहरूको सम्मान गर्नु,*<br>
**परिवारका सदस्यहरूको स्वास्थ्यको ख्याल गर्नु,*<br>
**पाहुना तथा आगन्तुकहरूको स्वागत र सत्कार गर्न,*<br>
**असल र अनुशासित बन्नु,*<br>
**आमाबाबुलाई घरायसी कामकाजमा सहयोग गर्नु,*<br>
**आफूभन्दा ठुलालाई आदर र सानालाई माया प्रकट गर्नु,*

------------------------------------------------------------------------

## चित्रात्मक प्रस्तुतीकरण भनेको के हो ? व्याख्या गर्तीस

*>चित्रात्मक प्रस्तुतीकरण भनेको कुनै पनि विषय वस्तुलाई आधारित बनाई विभिन्न चित्रहदमा प्रस्तुत गरी व्याख्या गर्ने कार्य नै चित्रात्मक प्रस्तुती करून हो । चित्रात्मक प्रसुतीकरणलाई चार्ट पनि भनिन्छ।*

*चित्रात्मक प्रस्तुतीकरणलाई चित्रमा प्रस्तुत गर्न साठिन्छ । चित्रात्मक प्रस्तुतीकरण अर्न्तगत वृतचिव स्तम्म चित्र, रेखाचित्र, तालिका, संङ्गान वा वंशावली चारहरु पनि पर्दछन । वृतचित्रमा विभिन्न तथ्याङकको योगलाई घृत चित्रमा देखाउन सकिन्छ यसमा एउटै विषयका फरक फरक शषिकहरुलाई सजिलै अध्ययन गर्न सकिन्छ । स्वात्र चित्रमा तथ्याङकमा आएको परिवर्तनलाई स्तम्भ चित्रमा देखाउन सकिन्छ र विशेष गरी कुनै पनि ठाँउको लयक्रमलाई सजिलैसँग अवलोकन गर्न सकिन्छशी रेखाचित्र अन्त्तगत पनि पर्दछ। हामिले चित्रात्मक प्रसुती करणमा तालिकाको पनि प्रयोग गर्न सक्छौ जसले शब्दहारा प्रस्तुत गर्न लामो हुने तथ्याङ्कलाई तालिका हारा प्रस्तुत गर्न सकिन्छ। संगठन वा वंशावली चार्ट कुनै संगठन वा-वंशको नाम तह उल्लेख गर्नका लागी पनि यस्तो चार्ट प्रयोग पर्ने गरिन्छ।*

*यसरी शब्द तथा वावरामा प्रष्ट पार्न सकिने विषयवस्तुलाई चित्रात्मक रुपमा पनी प्रस्तुत गर्न सकिन्छ।*

## तथ्याङ्कका स्रोतहद कति किसिमका छन ? प्रत्येक उदाहरणसहित व्याख्या गर्नुहोस् ।

*>तथ्याङ्क भन्नाले अध्ययन अनुसन्धानबाट प्राप्त भएको जानकारीलाई सामाजिक सामाजिक तथ्याप्नु तथा सुचना भनिन्छ । तथ्याङकहरुलाई संकलन गर्नका लागि विभिन्न विधिहरु प्रयेण गरी संकलन गर्न सकिन्छ ।*

*>तथ्याङ्कका स्रोतहरू २ किसिमका हुन्छ।*<br>
**प्राथमिक स्रोत*<br>
**द्वितिय स्रोत*

***प्राथमिक स्रोत:*** *कुनै पनि अनुसन्धानकर्ताले आफैले प्रत्यक्ष अवलोकन, भ्रमण गरी तथा आधिकारिक स्रोतबाट संकलन गरेको स्रोत प्राथमिक स्रोत हो। सर्वेक्षण, अन्तवार्ता, क्षेत्रसमण, अवलोकन स्यादी तथ्याङक संकलन गर्ने प्राधार्मिक स्रोतहरु हुर ।*

***द्वितिय स्रोत*** *:प्राथमिक स्रोतबाट अरूले प्रयोग गरेको तथ्याङ्कमा आधारित भई संकलन गरिएको तथ्याङ्कलाई दितिय स्रोत भनिन्छ। जस्तैः जूनगणना सम्बन्धि तथ्याङ्क, पत्रपत्रीका, मिडीयाबाट, इन्टरनेट पुस्तक समाचार माध्यम यसका स्रोतहद हुनरा यसरी तथ्याङक संकलन गर्न छिटो छरिदो हुन्छ।*

*अत : तथ्याङ्क संकलन दुई किसिमबाट गरिने भएका एकरा प्रत्यक्ष रुपमा संकलन गरिन्छ मने अको अप्रत्यक्ष दपमा गर्दिन्छ ।*

**Paichard**

Boy/girls number<br>
------------------------- *360<br>
total number

## *नेपालमा बेरोजगारीले पारेका कुनै दुई असरहरू लेख्नुहोस् ?*

*> नेपालमा बेरोजगारीले पारेका कुनै दुई असरहरू निम्नानुसार छन्*<br>
**गरिबी*<br>
**बौद्धिक पलायन*

## *शिक्षा र रोजगारीको अन्तरसम्बन्ध एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।*

*>शिक्षाले सिप विकास गर्छ र रोजगारी प्राप्तिका लागि मार्ग प्रशस्त गर्ने भएकाले शिक्षा र रोजगारीको अन्तरसम्बन्ध रहेको छ।*

## *प्राविधिक शिक्षाले तपाईंको रोजगारीको अवसरलाई कसरी प्रभावित गर्न सक्छ ?*

*>प्राविधिक शिक्षाले मलाई प्राविधिक ज्ञान तथा सिपमार्फत स्वरोजगार र उद्यमशीलता बनाई आर्थिक रूपमा समृद्ध बनाउन भूमिका खेल्ने भएकाले रोजगारीको अवसरमा सकारात्मक प्रभाव पार्दछ ।*

## नेपालमा बेरोजगारी समस्या समाधानका लागि प्राविधिक शिक्षाको आवश्यकताका सम्बन्धमा पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

*>बेरोजगारी समस्या समाधान गर्नु भनेको श्रम बजारको मागअनुसारका जनशक्ति तयार गर्नु तथा रोजगारीका अवसरहरू बढाउनु हो तर नेपालमा बेरोजगारीको समस्या व्यापक छ। यसले गर्दा धेरै जनसङ्ख्या विदेश पलायन भएका छन् । यसरी बेरोजगारी समस्या सिर्जना हुनुको एक कारण प्राविधिक र दक्ष जनशक्ति उत्पादन हुन नसक्नु पनि हो। तसर्थ बेरोजगारी समस्या समाधान गर्ने एउटा उपाय प्राविधिक शिक्षाको व्यवस्था हो। यसले रोजगारीका क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको उत्पादनमा ठूलो भूमिका खेल्दछ ।*

*नेपालमा बेरोजगारी समस्या समाधानका लागि प्राविधिक शिक्षाको आवश्यक पर्दछ भन्ने कुरालाई निम्न पाँचबुदाहरूले प्रस्ट पार्दछ*

**प्राबिधिक शिक्षाले ज्ञानसंगै सिप तथा कौशल प्रदान गर्ने भएकाले व्यक्तिलाई रोजगारी प्राप्त गर्ने अवसर मिल्छ ।*<br>
** बजारको मागअनुसारको दक्ष कामदारको उत्पादनमा प्राविधिक*शिक्षाले जोड दिने भएकाले बेरोजगारी समस्याको समाधान गर्न सहयोग पुग्छ ।*<br>
** प्राविधिक शिक्षाले व्यक्तिलाई आत्मनिर्भर र उद्यमशील बनाउन उत्प्रेरित गर्छ जसले व्यक्तिलाई स्वरोजगारी बनाउँछ ।*<br>
**प्राविधिक शिक्षाले उपलब्ध स्रोतसाधनको परिचालनमा सहयोग पुऱ्याउँछ ।*

----------------------------------------------------------------------------------

## > समालोचनात्मक र सिर्जनात्मक चिन्तनमा मुख्य अन्तर यो हो:

****समालोचनात्मक चिन्तन*** *: यसमा समस्या पहेली, विचार, वा प्रश्नको अध्ययन, विश्लेषण, र अनुसन्धान गर्नुपर्छ। यो अवस्था समस्याको पूर्णता, समर्थन र अविनाशकता जस्ता मुद्दाहरूको अध्ययन गर्ने तरिका हो।*

2\. ***सिर्जनात्मक चिन्तन** *: यसमा नयाँ र किसिमका विचार, आविष्कार, र निर्माणका तरिकाहरूलाई खोज्नुपर्छ। यो नयाँ उत्पाद, कला, सिद्धान्त, वा प्रतियोगितात्मक लाभका लागि नयाँ विचारहरू उत्पन्न गर्ने तरिका हो।*

*समालोचनात्मक चिन्तनले समस्याहरूको विश्लेषण गर्दछ, जबकि सिर्जनात्मक चिन्तनले नयाँ विचारहरूको उत्पत्ति गर्दछ।*